# Sanibheri Rural Municipality
# Office of the Rural Municipal Executive
Simli Rukum West
Karnali Province,Nepal

First Published Date: 2079-06-09 B.S. (sept-25, 2022 AD)

1. Sanibheri Rural Municipality invites electronic bids from eligible bidders for the procurement of following equipment under Sealed Quotation Procedure.

| Contract Identification No. | Description of Goods | Estimated Amount, NRs. (With VAT) | Bid Security Amount (NRs.) | Bid Document Fee(NRs.) |
|---|---|---|---|---|
| 02/GOODS/SQ/SRM/079/080 | The Procurement of Supply and Delivery of Motorcycles(160+-%CC) & Scooters (125+-%CC) at Sanibheri Rural Municipality Rukum (West) | 19,99,907.90 | 55,000 | 1,000 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Sanibheri Rural Municipality or may visit e-GP System www.bolpatra.gov.np/egp
3.Electronic Bidding Document is available online and can be downloaded on or before 12:00PM on 16th day from the date of publication. Documents received after this deadline shall not be accepted on 16th day from the date of publication.
4. The bidder shall be required to deposit the non-refundable fee of NRs 1,000 in the internal revenue account as specified below and electronic scanned copy (pdf format) of the bank deposit voucher shall also be submitted along with the Electronic Bids file.

Information to deposit the cost of bidding Document in Bank
Name of Bank: Sunrise Bank Limited, Sanibheri Branch, Rukum (west)
Name of office: Sanibheri Rural Municipality
Rajaswa (Internal Revenue) Account No: 0770530787703009

5. Bidder shall submit the electronic bid through website https:/ www.bolpatra.gov.np/egp on or before 12:00 PM or before 16th day from the date of publication as specified in the instruction to bidder. Bids received by the above mentioned deadline shall be opened electronically in the presence of bidder representrives who choose to attend at the address above at 1:00 PM on 16th day from the date of publication.
6. In the case of discrepancies or error in bid documens bid notice or any other documents, Sanibheri Rural Municipality reserves the right to amend and correct at any time. The figure written in word is valid.
7. Bids must be valid for a period of 45 days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated above deposited at (Dharauti Account No .07705307877703004) on behalf of Sanibheri Rural Municipality Rukum (West) at Sunrise Bank Limited Sanibheri Branch Rukum (West) or bid bond authorized from a recongnized commercial bank of Nepal which shall be valid for minimum 30 days beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case, the bid validay and bid security validity shall be recongnized with effect from the original bid submission deadline.
9. Bids should comply in all respects with the instruction to bidder included in bid document noncompliance with this instruction shall result in disqualification.
10. Sanibheri Rural Municipality reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever.
11. All other conditions of the bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064.

**Dipak Budhathoki**
**Chief Administrative Officer**

# दसैंमा दुर्गम क्षेत्रमा अत्यावश्यक खाद्यान्न अभाव हुन दिन्नौं : खाद्य कम्पनी



काठमाडौं(जस)-खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले कर्णालीलगायत दुर्गम क्षेत्रमा अत्यावश्यक खाद्यान्न अभावका कारण बडा दसैंलगायतका महत्वपूर्ण चाडपर्व मनाउन नपाउने स्थिति आउन नदिन भरमग्दुर प्रयास गर्ने जनाएको छ । कम्पनीका कार्यकारी निर्देशक मोहनप्रकाश चन्दले सरकारले दिएको बजेट सीमा परिधिभित्र रही जनघनत्व र आवश्यकताका आधारमा निर्धारण गरिएको कोटाअनुसार खाद्यान्न उपलब्ध गराइने बताए ।

दसैंलगायतका चाड पर्वका असरमा दिएको छुटलाई दृष्टिगत गरी तत्कालको आवश्यकताभन्दा बढी खाद्यवस्तुको सङ्कलन गर्ने कार्यले कहींकतै भिडभाडका घटना भएको हुनसक्ने कम्पनीको भनाइ छ । उनले भने, "आवश्यकताअनुसारको खाद्य वस्तु खरिद गरी सहयोग पुऱ्याउन कम्पनी सबै उपभोक्तासँग हार्दिक आह्वान गर्दछ ।" उक्त संस्थाले मुलुकका ४१ जिल्लाका ४५ स्थानबाट सहुलियत दरमा चामल, दाल, तेल, नुन, चीन र गेडागुडी लगायतका गुणस्तरीय खाद्यवस्तु बिक्री वितरण गर्दै आएको छ ।

दसैंलगायतका महत्वपूर्ण चाडका अवसरमा निजी क्षेत्रको तुलनामा अनुभव हुने गरी छुटको व्यवस्था गरिएको जनाउँदै कम्पनीले दुरदराजका जनतालाई सहजरूपमा खाद्यान्न पाउन भन्ने हेतुले विभिन्न स्थानमा बिक्री केन्द्र स्थापना गरिएको जनाएको छ । कतिपय दुर्गम जिल्लामा स्थानीयपालिका, वडा, आमासमूह र सहकारीसँग मिलेर सहुलियत दरमा सरल ढङ्गबाट अत्यावश्यक खाद्यान्न उपलब्ध गराउन कम्पनीको प्रयास जारी छ । चाडबाडअघि नै अत्यावश्यक खाद्यान्न उपलब्ध गराउन टेण्डर भई ढुवानीको काम सुरु भइसकेको जनाउँदै कम्पनीले टेण्डर नपरेका कतिपय स्थानमा भने छोटो प्रक्रियाका आधारमा हेलिकप्टरद्वारा पुऱ्याइने जनाएको छ । कम्पनीबाट सञ्चालन गरिएको सुपथ मूल्य पसलको बिक्रीवितरण र मागको आकर्षण रहेको जनाउँदै काठमाडौं उपत्यकालगायतका सहरमा अनलाइन मागका आधारमा घरदैलोमै सेवा दिइरहेको जनाएको छ ।

कम्पनीबाट उपलब्ध हुने खाद्यान्न बजारमूल्यका तुलनामा निकै सस्तो रहेको जनाउँदै उनले वर्षैभर सहुलियत प्राप्त गर्ने सोच भने त्याग्न जरुरी रहेको बताए । दसैंमा काठमाडौं उपत्यकामा हुने खसीबोकाको बिक्रीवितरणमा मूल्य सन्तुलन गर्न कम्पनीले मुलुकका विभिन्न क्षेत्रबाट खरिद गरी बिक्रीवितरण गर्दै आएको छ । यसअघि कम्पनीले २०५८ सालसम्म चीनको तीब्बतबाट भेडा ल्याएर बिक्री वितरण गर्ने गर्थ्यो । केही वर्षअघिसम्म मनाङ र मुस्ताङबाट च्याङ्ग्रा ल्याएर बिक्री गर्दै आएकामा मुलुकमा कोरोना सङ्क्रमणको घटनापछि त्यो काम रोकेको छ ।

## लिलाम नहुँदा भन्सारमा थन्किए करोडौंका गाडी

बेदकोट(जस)-चोरी, तस्करी तथा विभिन्न घटनामा बरामद गरिएका सवारीसाधन चार वर्षयता कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीमा थन्किएका छन् । लिलाम गर्न ढिलाइ हुँदा गाडी भन्सार कार्यालयमै जीर्ण हुँदै गएका छन् । विगतमा कोरोना महामारीका कारण लिलाम प्रक्रिया अगाडि बढ्न सकेको थिएन । कञ्चनपुर भन्सार कार्यालयमा करिब चार सयको सङ्ख्यामा दुईपाङ्ग्रे र २० वटा चारपाङ्ग्रे सवारी तथा ढुवानी साधन छन् ।

जिल्लाका विभिन्न क्षेत्रबाट चोरी-पैठारी, भारतीय नम्बरको गाडीमा नेपाली नम्बर राखेकालगायतका सवारीसाधन प्रहरीले नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाउने गरेको छ । भन्सार कार्यालयमा रहेका गाडीमध्ये सबैभन्दा बढी भन्सार प्रक्रिया पूरा नगरेका भारतीय नम्बरका मोटरसाइकल रहेका छन् । यस्तै भन्सार शुल्क नतिरी विभिन्न सामान चोरी, पैठारी गरिरहेका अवस्थामा नियन्त्रणमा लिइएका नेपाली गाडी पनि भन्सार कार्यालयको गोदाममा थन्किएका छन् ।

यसअघि २०७५ सालको वैशाख, जेठतिर गरिएको लिलामबाट भन्सार कार्यालयले झण्डै रु चार करोड राजस्व असुली भएको थियो । दसैं, तिहारपछि गाडी लिलाम हुने कञ्चनपुर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धुव्रराज विश्वकर्मा बताउँछन् । "यातायातको इन्जिनीयरले सबै गाडी हेरिसक्नुभएको छ, त्यसको रिपोर्ट तयार भइरहेको छ", उनले भने, "रिपोर्ट प्राप्त गरेपछि मूल्याङ्कन समितिले मूल्य निर्धारण गरेर लिलामको सूचना निकाल्ने तयारी छ ।"

विगतमा कोरोनालगायत विभिन्न कारणले गाडी लिलाम गर्नमा ढिलाइ भए पनि अब भने त्यस्तो नहुने उनको दावी छ । "कर्मचारी अपुग भएकाले लिलामका लागि ०७८ साल माघमा विभागबाट कर्मचारी थप तथा काजमा मागेका थियौं, त्यस पछि गाडीको चेसिज, इन्जिन हेरेका थियौं", भन्सार अधिकृत विश्वकर्माले भने, "लिलाममा ढिलाइ हुदा गाडीको मूल्य घट्ने हुनाले त्यसो नहोस् भनेर आर्थिक वर्ष २०७८/७९ मा सक्ने चाहना थियो, तर प्राविधिक कारणले गर्न सकेनौं, अब यसमा एक/दुई महिनाभन्दा बढी लाग्दैन ।"


## कतारमा रोजगार | कम्पनी : Qatar Security & Guarding Services Co.
शहर : Doha

पूर्व स्वीकृत मिति: २०७८/११/०८ पून: स्वीकृत मिति: २०७९/०६/०७ चलानी नं.: ६०१७४७३४ LT. No.: 258198 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard | 1 | 0 | स. कालका दक्ष | 1500 | ५३,२३५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०७९ असोज १६ गते (02 Oct. 2022 मा) हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफू संग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Global Recruitment Group Pvt. Ltd.**
Govt. Lic. No. 1535/078/079 (Basnet And Group Human Resource Pvt. Ltd.)
Mob.: 9801193079, 9802032611, 9820103691
Samakhusi, Kathmandu , Tel.: 01-5910485, 5910484
Email: basnetandgroup@gmail.com


## घुमन्ते कामदारका कारण व्यवसायी मारमा

वालिङ(जस)-भारतीय घुमन्ते कामदारका कारण यहाँका फर्निचर उद्योगी मारमा परेका छन् । छिमेकी मुलुक भारतबाट आएका कामदारले घर घरमै फर्निचर निर्माणको सेवा दिने गरेकाले स्याङ्जाका फर्निचर तथा फर्निसिङ उद्योगी मारमा परेका हुन् । आफूहरूले उद्योग दर्ता गरी नेपाल सरकारलाई राजस्व बुझाउँदै आएको तर यहाँ विनादर्ताका भारतीय कामदारका कारण उद्योग सञ्चालनमा समस्या भएको वालिङस्थित बाबा फर्निचर उद्योगका सञ्चालक ओमप्रसाद शर्माले गुनासो गरे ।

घ ु म न् त े भारतीय कामदारलाई पनि करको दायरामा ल्याउनुपर्नेमा उनले जोड दिए । "भारतबाट आएका घुमन्ते कामदारलाई यहाँ काम गर्न पाउन्नौं भन्न खोजिएको होइन", उनले भने, "कि त उनीहरूले पनि व्यवसाय दर्ता गरेर करको दायरामा आउनुपऱ्यो कि त हामी उद्योगीले काम दिन्छौं यिनै उद्योगहरूमार्फत काम गर्नुपऱ्यो ।" सीप भएका नेपाली युवा शक्ति विदेश पलायन हुने र भारतीय कामदारले उद्योगमा काम नगरी घुमन्ते व्यवसाय गरिदिंदा केही उद्योग बन्द भइसकेका छन् भने केही बन्द हुने अवस्थामा पुगेको उनी बताउँछन् ।

भारतबाट आई घुमन्ते कामदारले जिल्लाका फर्निचर तथा फर्निसिङ उद्योगी व्यवसायी मारमा परेको गुनासो आएपछि यसको समाधानका लागि फर्निचर तथा फर्निसिङ व्यवसायी सङ्घले पहल गरिरहेको सङ्घका जिल्ला अध्यक्ष गुप्तप्रसाद गैह्रेले बताए । उनीहरूलाई पनि वैधानिक तरिकाले काम गर्नका लागि वालिङ नगरपालिका तथा वालिङ उद्योग वाणिज्य सङ्घमा पहल गरिदिन माग गरिएको अध्यक्ष गैरे बताए ।

"उद्योगी व्यवसायी उद्योग दर्ता गरी करको दायरामा रहेर उद्योग सञ्चालन गर्ने तर घुमन्ते भारतीय कामदारविना दर्ता र राजस्व नै नतिरी काम गर्दा यहाँका उद्योगी मारमा परेका छन्", उनले भने, "घरघरमा गएर सामान बनाउँदा उपभोक्तालाई सस्तोभन्दा पनि उल्टै ठगिने गरेका गुनासो हामीकहाँ आएका छन् ।" वालिङ उद्योग वाणिज्य सङ्घ तथा वालिङ नगरपालिकामा छलफल भए पनि निष्कर्षमा पुग्न सकेको छैन । काठ चिर्ने मेसिन तथा बिजुलीबाट चल्ने मेसिनरी औजार सुरक्षाका दृष्टिले घरघरमै लगेर चलाउन वैधानिक मानिदैन तर घुमन्ते कामदारले विनाअवरोध चलाउँदै आएका सङ्घका अध्यक्ष गैरे बताउँछन् ।

"हाम्रा उद्योगीले दक्ष कामदार पाएका छैनन्, उनीहरूले यिनै उद्योगमार्फत काम गरे दुवै पक्षलाई फाइदा हुने थियो", उनले भने, "उपभोक्ता पनि नठगिने र उद्योगी व्यवसायीले बिक्री गरेको सामग्रीको ग्यारेन्टी दिनेछौं ।" स्याङ्जा जिल्लाभरि ७२ उद्योगी व्यवसायी सङ्घमा आबद्ध रहेका छन् । नगरपालिकाको पहलमा उद्योगी व्यवसायी तथा कामदारबीच छलफल भएको वालिङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले बताए । उद्योगी व्यवसायी तथा कामदारको समस्या समाधानका लागि नगरपालिकाले पहल थालेको छ । विनादर्ता सञ्चालन भएका व्यवसायी तथा कामदारलाई कानूनी दायरामा ल्याएर समस्या समाधानका लागि नीतिगत व्यवस्था गरिने उनले बताए ।


### महत्वपुर्ण सामान सहित ब्याग हराएको सूचना

म गणेश बहादुर राना पु.ब.न.पा .१३ स्याङ्जा ठेगाना भएको ९८४००६२५८४ नम्वर सहितको मोबाईल सेट,ग्लोबल आइ.एम.ई बैंकको चेकबुक,नागरिकता प्रमाण पत्र सहित गोंगबु माछापोखरी क्षेत्रमा हराएको हुँदा कसैले फेला पार्नं भएमा ९८१३९२९४५३ मा खबर गरिदिनुभएमा उचित पुरस्कार पाउनुहुनेछ ।

### कम्पनीको नाम परिवर्तन भएको सूचना

यस कम्पनीको मिती २०७२/०४/१४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयको मिती २०७२/०४/२९ च.नं ६९९६ को पत्र अनुसार साविक कम्पनी "राजा ईलेक्ट्रोनिक्स प्रा. ली (प्रा.लि नं ३४०६६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्न व्यहोर्न पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तित नामको एम. ई. पि राजा ईलेक्ट्रोनिक्स प्रा ली अंग्रेजीमा M.E.P Raja Electronics Pvt.Ltd ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


# Sanibheri Rural Municipality

## Office of The Rural Municipal Executive

Simli Rukum West

Karnali Province, Nepal

## INVITATION FOR BIDS

**First Published Date: 2079/06/09 B.S. (Sept[25], 2022 AD)**

1. Sanibheri Rural Municipality invites electronic bids from eligible bidders for the procurement of following equipment under Sealed Quotation Procedure.

| Contract Identification No. | Description of Goods | Estimated Amount, NRs. (With VAT) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| 02/GOODS/SQ/ SRM/079/080 | The Procurement of Supply and Delivery of Motorcycles(160±%CC) & Scooters (125±%CC) at Sanibheri Rural Municipality Rukum (West) | 19,99,907.90 | 55,000 | 1,000 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Sanibheri Rural Municipality or may visit e-GP System ***www.bolpatra.gov.np/egp***
3. Electronic Bidding Document is available online and can be downloaded on or before 12:00PM on 16th day from the date of publication. Documents received after this deadline shall not be accepted on 16th day from the date of publication.
4. The bidder shall be required to deposit the non-refundable fee of NRs 1,000 in the internal revenue account as specified below and electronic scanned copy (pdf format) of the bank deposit voucher shall also be submitted along with the Electronic Bids file.
   **Information to deposit the cost of bidding Document in Bank**
   **Name of Bank: Sunrise Bank Limited, Sanibheri Branch, Rukum (west)**
   **Name of office: Sanibheri Rural Municipality**
   **Rajaswa (Internal Revenue) Account No: 0770530787703009**
5. Bidder shall submit the electronic bid through website ***https:/ www.bolpatra.gov.np/egp*** on or before 12:00 PM or before 16th day from the date of publication as specified in the instruction to bidder. Bids received by the above mentioned deadline shall be opened electronically in the presence of bidder representrives who choose to attend at the address above at 1:00 PM on 16th day from the date of publication.
6. In the case of discrepancies or error in bid documens bid notice or any other documents, Sanibheri Rural Municipality reserves the right to amend and correct at any time. The figure written in word is valid.
7. Bids must be valid for a period of 45 days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated above deposited at **(Dharauti Account No .07705307877030004)** on behalf of Sanibheri Rural Municipality Rukum (West) at Sunrise Bank Limited Sanibheri Branch Rukum (West) or bid bond authorized from a recognized commercial bank of Nepal which shall be valid for minimum 30 days beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case, the bid validay and bid security validity shall be recongnized with effect from the original bid submission deadline.
9. Bids should comply in all respects with the instruction to bidder included in bid document noncompliance with this instruction shall result in disqualification.
10. Sanibheri Rural Municipality reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever.
11. All other conditions of the bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064.

**Chief Administrative Officer**